
# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०२३-२०३०




टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## नगर प्रमुख ज्यू बाट दुई शब्द

कैलाली जिल्लाको प्रमुख स्थानीय तहको रूपमा रहेको टीकापुर नगरपालिका बहुप्रकोपका दृष्टिले उच्च जोखिम भएको नगरपालिका हो । यस नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरूप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् । भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित संरचना निर्माण जस्ता कारणले विभिन्न प्रकोपहरू सिर्जना भईरहेको छ । विगत देखि हाल सम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस टीकापुर नगरपालिका बाढी, आगलागी, हावाहुरी, महामारी, शितलहर, असिना लगायतका बहुप्रकोपका दृष्टिले जोखिममा रहेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकुल परिमार्जन गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन २०१८ देखि २०३० लगायतका कानूनी तथा नीतिगत आधार तयार गरेको छ । नेपालको संविधान अनुसार संघीय शासन व्यवस्थामा तीन तहको सरकारको व्यवस्था रहेको छ र तीनै तहका सरकारले आफ्नो नीति नियम ऐन कानून बनाउने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरु समावेश गरेको छ । यिनै संवैधानिक र कानूनी आधारहरूमा रहेर टीकापुर नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील नगरपालिका निर्माण गर्ने दीर्घकालीन सोच र लक्ष्यका साथै टीकापुर नगरपालिकाको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध तवरमा न्यूनीकरण गर्ने स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना सन् २०२३-२०३० तयार गरिएको छ ।

यो रणनीतिक कार्ययोजना सन् २०२३ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरिएको छ । यस योजना निर्माण गर्ने क्रममा विभिन्न छलफल तथा भेलामा सक्रिय रूपमा सहभागी भई महत्वपुर्ण राय सुझाव सहित पृष्ठपोषण प्रदान गर्नुहुने सम्पुर्ण जनप्रतिनिधी, कर्मचारीहरू, सुरक्षा निकाय, रेडक्रस उपशाखा र समग्र टीकापुर नगरपालिकाका स्थानीयलाई विशेष धन्यबाद ज्ञापन गर्दछु । टीकापुर नगरपालिकाको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०२३-२०३० तर्जुमा गर्न आर्थिक तथा प्राबिधिक रुपमा सहयोग गर्ने प्राक्टीकल एक्सन नेपाल, भेरी वातावरणीय बिशिष्टता समूह र सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके लाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस योजनाले समेटेका कृयाकलापहरूलाई समयमै संचालन गरी सम्पन्न गर्न टीकापुर नगरपालिका प्रतिवद्ध रहने कुरा समेत जानकारी गराउन चाहान्छु ।

(रामलाल डगौरा थारू)
नगर प्रमुख

रामलाल डगौरा थारु
नगर प्रमुख

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## नगर उप-प्रमुख ज्यू बाट दुई शब्द

टीकापुर नगरपालिका विभिन्न प्रकोपका हिसाबले जोखिममा रहेको छ । जस मध्ये बाढी मुख्य प्रकोपको रूपमा देखिएको छ भने बालीमा किराको प्रकोप, खडेरी, सडक दुर्घटना, हावाहुरी, आगलागी, शितलहर, चट्यांग, सर्पको दंश जस्ता प्रकोपहरू मुख्य समस्याको रूपमा रहेका छन् । विभिन्न समयमा बाढीका कारण सैयौं घरधुरी बिस्थापित हुनुका साथै मानविय क्षति र करोडौं रूपैयाँ बराबरको धनमाल तथा जग्गा जमिन क्षति भएको छ ।

टीकापुर नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील नगरपालिका निर्माण गर्ने दीर्घकालीन सोच र लक्ष्यका साथै नगरपालिकाको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध तवरमा जोखिम न्यूनीकरण गर्ने स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०२३-२०३०) तयार गरिएको छ । यस योजना तयारीका चरणमा नगर प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरू, सुरक्षा निकाय, नगरपालिका स्तरका विभिन्न सरोकारवाला निकायका प्रतिनिधीहरू, स्थानीय सरोकारवालाहरू, टोल विकास संस्था,वड्घर, समाजसेवी, शिक्षक, बुद्धिजीवि, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, दलित, महिला, जनजाती तथा जोखिम क्षेत्रका प्रतिनिधी लगायत सरोकारवाला अन्य संघसंस्थाहरूको प्रत्यक्ष सहभागितात्मक प्रकियाद्धारा योजना तर्जूमा गरिएको छ ।

यस योजना तयारीका क्रममा आवश्यक सल्लाह तथा उत्प्रेरणा गर्नुहुने नगर प्रमुखज्यू, ९ वटै वडा अध्यक्षज्यूहरू, सम्पुर्ण कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू लगायत नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, विपद व्यवस्थापन शाखा प्रमुख, योजना शाखा प्रमुख लगायत सबै कर्मचारीज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । यस नगरपालिकाको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०२३-२०३०) योजना तयारीका क्रममा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने नेपाल बाढी उत्थानशील परियोजना लाई विशेष आभार तथा धन्यवाद दिन चाहन्छु ।

नगर उपप्रमुख
खडक वहादुर शाह
Khadak Bahadur Shah
Deputy Mayor

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृत ज्यू बाट दुई शब्द

बिपद् जोखिमलाई सम्बोधन गर्न नेपालाले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रतिवद्दता गर्ने सन्दर्भमा बिभिन्न नीति नियमहरूको निर्माण तथा कार्यन्वयन गर्दै आइरहेको छ । अन्तराष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (सन २०१५-२०३०), दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्फौता लगायतका सन्धि सम्फौतालाई समेत आत्मसाथ गर्दै नेपाल सरकारले विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा संभावित जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन २०१८-२०३०) तयार गरी लागु गरेको छ ।

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील नगरपालिका निर्माण गर्न अल्पकालिन, मध्यकालीन र दिर्घकालिन स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (सन् २०२३-२०३०) तयार गरिएको छ । यस योजना तयारीका क्रममा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने भेरी वातावरणीय विशिष्टता समूह, सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके र प्राक्टिकल एक्शन नेपाल लाई विशेष आभार तथा धन्यवाद दिन चाहन्छु ।

अन्तमा, रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनले स्थानीय श्रोत साधन परिचालन भई विपद जोखिम न्यूनीकरण हुनेछ । आगामी दिनमा योजना कार्यन्वयनमा सम्बन्धित सबै सरोकारवालाहरुको अफ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं ।

(प्रमुख प्रशासकीय अधिकृत
नारायण बहादुर विष्ट

**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूचि


**अध्याय एक : पृष्ठभूमी** ........ १

१.१. विपद् जोखिमको राष्ट्रिय परिदृष्य ........ १

१.२. विपद् जोखिमको स्थानीय परिदृष्य ........ १

**अध्यायः दुई विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था** ........ ३

२.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरू ........ ३

२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना ........ ४

**अध्याय तीनः विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय रणनीतिक कार्ययोजना** ........ ९

३.१. परिचय ........ ९

३.२. मार्गदर्शक सिद्धान्त ........ ९

३.३. दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य ........ १०

३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरू ........ १०

३.४ प्राथमिकता प्राप्त क्षेत्रहरु ........ १२

**अध्याय चार : विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरू** ........ १४

४.१. प्राथमिकता प्राप्त १ः विपद् जोखिम बारेको बुझाई अभिवृद्धि ........ १४

४.१.१. टीकापुर नगरपालिकाको बहुप्रकोपको अवस्था बमोजिम जोखिमको लेखाजोखा र अनुगमन ........ १४

४.१.२. टीकापुर नगरपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय ........ १६

४.१.३. प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह ........ १६

४.१.४. विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि ........ १७

४.२. प्राथमिकता प्राप्त क्षेत्र २ः स्थानीय विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण ........ १८

४.२.१. स्थानीय कानूनी संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण ........ १८

४.२.२. स्थानीय कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता ........ १९

३. विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य ........ २२

४.२.४. विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता ........ २२

४.३. प्राथमिकता प्राप्त क्षेत्र ३ विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन ........ २३

४.३.१. उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा लगानी प्रवर्द्धन र मुलप्रवाहीकरण ........ २३

४.३.२. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि ........ २४

४.३.३. विपद् जोखिम न्यूनीकरणको लागि निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि ........ २५

४.३.४. सामाजिक सुरक्षा, बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि ........ २५

४.४. प्राथमिकता प्राप्त क्षेत्र ४ प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पूर्वतयारीको सुदृढीकरण ........ २६

४.४.१. प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण ........ २६

४.४.२. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास ........ २७

४.४.३. समुदायमा आधारित विपद् जोखिम न्युनिकरण प्रवर्धन ........ २८

४.४.४. विपद् पूर्वतयारीको लागि संचार समन्वय तथा सूचना सम्प्रेषण प्रणालीको सुदृढीकरण ........ २९

४.४.५. खोज तथा उद्धार क्षमताको विकास ........ २९

४.४.६. पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा प्रवर्धन ........ ३०

अध्याय पाँच : रणनीतिक योजना कार्यान्वयनको लागि वित्तीय ब्यवस्था ........ ३२

अध्याय छ : रणनीतिक कार्य योजनाको कार्यान्वयन ........ ३३

अध्याय सात : अनुगमन, मूल्याङ्कन र पुनरावलोकन ........ ३४

सन्दर्भ सामग्री ........ ३५


रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# अध्याय एक : पृष्ठभूमी

## १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य

भिरालो र कमजोर भौगोलिक संरचना, चलायमान भौगर्भिक अवस्था, बदलिंदो हावापानी र मानवीय असावधानीका कारण नेपाल प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपको उच्च जोखिममा रहेको छ । विश्वव्यापी रुपमा नेपाल भूकम्पीय जोखिमका दृष्टिले ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन् । समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७)।
सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ । बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८– २०३० )।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ । नेपालमा दैनिक औषतमा १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८– २०३०)।

हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९)।
भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू– भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू– क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ । पुरै नेपाली भू– भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८– २०३०)।

## १.२ विपद् जोखिमको स्थानीय परिदृष्य

साविकको नारायणपुर र धनसिंहपुर गाउँ विकास समितिलाई टीकापुरमा गाभेर २०७३ फागुन २७ गते मन्त्रीपरिषद्को निर्णयबाट स्थापना भएको टीकापुर नगरपालिका नेपालकै आधुनिक योजना सहितको नगरपालिका हो। यस नगरपालिका भएर बग्ने कर्णाली, पथैरया, रानी, जमरा, मोहना जस्ता नदी तथा खोलाहरूमा बर्षेनी आउने बाढीका कारण यो नगरपालिका विपद्को उच्च जोखिममा रहेको छ । विगतमा कर्णाली लगायतका नदी तथा खोलाको कटानले विशेष गरि वडा नं ६,७,८ र ९ का समुदायहरुमा धेरै क्षति पुर्याएको पाईएको छ । समग्रमा टीकापुर नगरपालिका भित्रका विभिन्न टोल र बस्तीहरुको विगत ३० वर्षको विपद्को ऐतिहासिक विवरण हेर्दा यस नगरपालिकामा बहुप्रकोपको जोखिम रहेको छ । विपद्कै कारण हरेक वर्ष मानवीय, भौतिक, आर्थिक, सामाजिक र मनोबैज्ञानिक क्षति भएको पाइएको छ । बाढी,



रामलाल डगौरा थारू
नगर प्रमुख

आगलागी, हावाहुरी, खडेरी, जंगली जनवरको आतंक, सडक दुर्घटना जस्ता प्रकोहरु यस नगरपालिका भित्र दोहोरीइरहने प्रकोप हुन् । प्राकृतिक, मानवीय, जलवायुजन्य प्रकोपले यस नगरपालिकामा विपद् निम्त्याउने गरेको कारण भविष्यमा ती विपद्हरुको जोखिम न्युनीकरणमा कदम चाल्नुपर्ने अवस्था टड्कारो रुपमा देखिएको छ । पछिल्लो समयमा जलवायु परिवर्तन र यसका असरहरुले समुदायको आयश्रोतको प्रमुख माध्यम कृषिमा नकारात्मक असर पर्न थालेको स्थानीयले अनुभव गर्न थालेका छन् । विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उदेश्यका साथ यस नगरपालिकामा, नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरू साथै बाढी प्रभावित समुदायमा समुदाय स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति समेत गठन भएका छन् ।स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरी विपद् जोखिम न्यूनीकरणका लागि नगरपालिका स्तरबाटै प्रयासहरुको सुरुवात भएको छ ।

## २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

**विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् (२०१५ – २०३०)**

जापानको सेण्डाईमा सन् २०१५ मार्चमा सम्पन्न भएको तेश्रो विपद् जोखिम न्यूनीकरण सम्बन्धी सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, भौतिक र आर्थिक क्षतिलाई उल्लेखनीय कमी ल्याउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरणका साथ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५ - २०३०) पारित गर्यो । सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्का कारण प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि उक्त सम्मेलनले चारवटा प्राथमिकताहरु निर्धारण गरेको छ । विपद् सम्बन्धी बुझाई, विपद् जोखिम न्यूनीकरण लागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने र पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो अवधारणा सहित विपद् पूर्वतयारी सेण्डाई कार्यढाँचाले निर्धारण गरेका प्राथमिकताहरु हुन् ।

**पेरिस सम्झौता २०१५**

डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले दिगो विकास तथा गरिबी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिमलाई घटाउन विश्वब्यापी उपायहरु प्रस्तुत गर्यो । यसै सम्मेलनलाई पेरिस सम्झौताका नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा यसबाट उत्पन्न असरहरुलाई उल्लेख्यरुपले न्यूनीकरण गर्ने कुरालाई आत्मसाथ गर्दै विश्वव्यापी औषत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सीयसमा सीमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुल गर्ने क्षमता बिस्तार गर्ने र न्युन हरितगृह ग्याँस उत्सर्जन तथा जलवायु अनुकुलन विकासमुलक कार्यप्रणाली अनुरुप लगानी गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुनसक्ने क्षति तथा नोक्शानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पर्वसूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायुजन्य जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथकितामा राखेको छ ।

**दिगो विकास लक्ष्य सन् २०१५-२०३०**

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा विश्वलाई रुपान्तरण गर्नका लागि दिगो विकास लक्ष्य २०३० अगाडि ल्याएको हो जुन दिगो विकासका तीन आधारभुत आयामहरु आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनमा आधारित छन् । पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारीहरुलाई दिगो विकास प्राप्तीका लागि आधार स्तम्भ मानेको छ । दिगो विकास लक्ष्य २०१५-२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र १६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अन्तरनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्का कारण हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्शानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

**नयाँ शहरी एजेण्डा २०१६**

सन् २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलनमा अवलम्बन गरिएको नयाँ शहरी एजेण्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने, सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता एवं प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनलाई बढावा दिने शहरहरूको परिकल्पना गरेको छ ।

**मानवीयताका लागि ऐजेण्डा २०१६**

सन् २०१६ टर्कीको स्तानबुलमा भएको विश्व मानवीयता सम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्वसहित मानवीयताका लागि एजेण्डा पारित गर्‍यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकास कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ । यस एजेण्डामा उल्लेख गरिएका पाँचवटा प्रमुख दायित्वमध्ये मानवीयताका लागि लगानी र कोही पछि नहोस् रहेका छन् । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

**नेपालको संविधान २०७२**

नेपालको संविधानले विपद् व्यवस्थापनलाई राज्यको दायित्वको रुपमा संवैधानिक रुपले नै परिभाषित गरेको छ । संविधानमा राज्यका नीतिहरु अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्न पूर्वसूचना, तयारी, उद्धार राहत एवं पुनरुथापना गर्ने उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

**विपद् जोखिम न्यूनीकरण नीति २०७५**

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ लागु भएको छ ।

यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय, सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ । संघ, प्रदेश र स्थानीय तहमा आवश्यक बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गरिने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) मा व्यवस्था भए बमोजिम आवश्यक कानून तथा संस्थागत व्यवस्था गरिने उल्लेख छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)**

सन्२०१५ पछि विपद् व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी रुपमा विकास भएका अवधारणा र नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा गरेका विगतका अनुभवका आधारमा यो ऐन निर्माण गरिएको हो । पहिलो कुरा यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सवै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम

सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ, प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

**राष्ट्रिय कृषि नीति, २०६१**

राष्ट्रिय कृषि नीति, २०६१ ले प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, संवर्द्धन एवं सदुपयोग गर्ने उद्देश्य लिएको थियो । यसमा प्राकृतिक प्रकोप, अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूको आंकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरिएको थियो । हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (२०७२– २०९२) ले किसानहरूलाई जलवायु परिवर्तन र विपद् उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रबर्धन, खाद्य, बीउ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापहरूलाई प्राथमिकतामा राखेको छ ।

**राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१८**

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१८ ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्दार र राहतलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । उक्त कार्यढाँचाले आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद् पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको बिभाजन पनि गरेको छ ।

**राष्ट्रिय स्वास्थ्य नीति, २०७१**

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्वन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय सञ्जाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायसँग सहकार्य गर्ने एवं पशुपक्षी तथा कीटहरूबाट मानिसमा सर्ने रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति तय गरेको छ ।

**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२**

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोपहरूको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक श्रोत साधन एवं खानेपानी, जल परिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउन विभिन्न नीतिहरू प्रस्तुत गरेको छ ।

**राष्ट्रिय शहरी विकास रणनीति, २०७३**

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरू मध्ये एक मानेको छ । यस रणनीतिले विपद् जोखिम अनुकुलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ ।

**स्थानीय स्वायत्त शासन ऐन, २०५५**

यस ऐनले तत्कालीन स्थानीय निकायहरू (गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू) र जनताहरूलाई आफ्ना क्षेत्रमा प्रभावकारी विकास योजना निर्माण र कार्यान्वयनका लागि सबैभन्दा उपयुक्त प्रवेश विन्दुका रूपमा लिई विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यहरू गर्न अधिकार दिनुका साथै जिल्ला विकास समिति, गाउँ विकास समिति र



रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरपालिका तहमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कोष स्थापना गर्न अधिकार प्रदान गर्यो । वि.सं. २०७४ मा यस ऐनलाई विस्थापित गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आइसकेको छ ।

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२

राष्ट्रिय पुनर्निर्माण तथा पुनरुथापना नीति, २०७२ ले विपद् पश्चात्को पुनर्लाभ, पुननिर्माण र पुनरुथापना कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ । २०७२ साल बैशाखको भूकम्पले क्षति पुर्याएका भौतिक संरचनाहरू र बस्तीहरू पुननिर्माण गर्न, पुननिर्माण तथा पुनःस्थापना कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न राष्ट्रिय पुननिर्माण प्राधिकरण स्थापना भएको छ ।

नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०– २०७७)

नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०– २०७७) ले सुरक्षित सडक पूर्वाधार र सेवाहरुको व्यवस्था तथा दुर्घटना पश्चात् प्रभावकारी प्रतिकार्य मार्फत जनधन तथा आर्थिक क्षति कम गर्ने सोच राखेको छ । यस कार्ययोजनाले सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चात् प्रतिकार्य जस्ता पाँच आधार स्तम्भहरु अन्तर्गत विभिन्न क्रियाकलापहरु तय गरेको छ ।

भू तथा जलाधार संरक्षण ऐन २०३९

यस ऐनमा बाढी, पहिरो, भू– क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू– क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ ।

राष्ट्रिय शिक्षा नीति २०७६

सुरक्षित विद्यालयको अवधारण अनुसार भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुको साथसाथै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने लक्ष्य लिएको राष्ट्रिय शिक्षा नीति २०७६ कार्यान्वयनमा आएको छ । यसका लागि विद्यालयको भौतिक पूर्वाधार र सिकाई वातावरण विपद् उत्थानशील बनाइने विद्यालय तथा शिक्षालयहरुमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रम र सुरक्षित विद्यालय सम्बन्धी अभ्यास नियमित रुपमा सञ्चालन गर्ने, विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयवस्तु पठनपाठनको प्रबन्ध गर्ने, विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, हिंसारहित एवं भयरहित सिकाई केन्द्रका रुपमा विकास गरी सम्पूर्ण रुपमा सुरक्षित विद्यालय बनाउने रणनीति अवलम्बन गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

विपद् जोखिम न्यूनीकरण नीतिले तय गरका उद्देश्य पूरा गर्न विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर यस रणनीतिक कार्ययोजनाको निर्माण गरिएको हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राज्यको नैं प्रमुख जिम्मेवारी हुने, संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला संघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम गरिने उल्लेख छ । संघ प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने । त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा सशक्तिकरण गरिने उल्लेख छ। विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ । जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण, रोकथाम, पूर्वतयारी,

प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाले विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्यहरुलाई अल्पकालीन सन् २०१८-२०२०, मध्यकालीन सन् २०१८-२०२५ र दीर्घकालीन २०१८-२०३० र निरन्तर रुपमा गरिने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएको छ । सबै प्रदेश र स्थानीय तहले सन् २०२० सम्ममा विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयार गरिसक्ने लक्ष्य राखिएको छ ।

पन्ध्रौ योजनाको आधार पत्र २०७६/७७ २०८०/८१

"समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच सहित पन्ध्रौं पञ्चवर्षीय योजना सुरु गरिएको छ । यस योजनाले सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ । सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकका रुपमा सुरक्षित भवन (भवन आचारसंहिता मापदण्ड अनुसार निर्मित) आवासमा बसोवास गर्ने जनसंख्या २०७४/७५ मा ३७.८ प्रतिशत रहेकोमा २०८०/८१ मा ६० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । यस योजनाका आठवटा दीर्घकालीन रणनीतिमध्ये एक प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशील विकास गर्ने रहेको छ । विपद्का घटनाबाट प्रभावित जनसंख्या २०७६/७७ मा प्रति हजार १९.५ जना रहेकामा २०८०/८१ मा प्रतिहजार ५ जनामा झार्ने र विपद्का घटनाबाट २०७६/७७ मा प्रतिलाख १.७ जना रहेकोमा २०८०/८१ मा १.०९ झार्ने लक्ष्य रहेको छ । उक्त योजनाले कार्यान्वयनका लागि ८ वटा राष्ट्रिय रणनीतिहरु निर्धारण गरेको छ । जसमध्ये प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने एक रहेको छ र प्राकृतिक श्रोतको उपयोग गर्दा जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलनमा जोड दिइने जलवायु परिवर्तन अनुकुलन र विपद्को जोखिम न्यूनीकरण गर्ने रणनीति लिइने, विपद् व्यवस्थापनको पूर्वतयारी, उद्धार र पुनस्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत र संरचनागत सुधार एवं विकास प्रकृयामा मुलप्रवाहीकरण गरिने उल्लेख छ (राष्ट्रिय योजना आयोग २०७६) ।

विद्यालय क्षेत्र विकास योजना २०१६-२०२१

यस योजनाको उद्देश्य पूरा गर्ने पाँचवटा आयामहरु समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता मध्ये उत्थानशीलतालाई एउटा आयामकै रुपमा समावेश गरेको छ । यस योजनाले बृहत विद्यालय सुरक्षा कार्यढाँचाको कार्यान्वयन मार्फत, पुनर्निर्माण र प्रवलीकरणको माध्यमबाट विभिन्न प्रकारका जोखिमहरुलाई मध्यनजर गर्दै सुरक्षित सिकाई सुविधाहरु सुनिश्चित गर्ने, संघीय, प्रादेशिक, स्थानीय स्तरमा विद्यालय शिक्षामा विपद् व्यवस्थापनलाई संस्थागत र मुलप्रवाहीकरण गर्ने, बृहत विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठयक्रम तथा समूदायमा प्रवाह गर्ने उद्देश्य लिएको छ । सन् २०३० सम्ममा राष्ट्रव्यापी रुपमा श्रोत परिचालन गरी बृहत विद्यालय सुरक्षा मुलप्रवाहीकरण गर्ने लक्ष्यका साथ बृहत विद्यालय सुरक्षा गुरुयोजना तयार गरेको छ । बृहत विद्यालय सुरक्षा गुरुयोजनाको लक्ष्य हासिल गर्न विद्यालयको संरचनात्मक सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशील शिक्षाको क्षेत्रलाई समेटेर सुरक्षित सिकाई वातावरण सुनिश्चित गर्न प्रत्येक विद्यालयमा अनिवार्य रुपमा लागु गर्नुपर्ने न्युनतम उपायहरुको प्याकेज तयार पारिएको छ ।

नेपाल दिगो विकास लक्ष्यहरु

दिगो विकासका विश्वव्यापी लक्ष्यहरुलाई कार्यान्वयन गर्नका लागि नेपालले दिगो विकास लक्ष्यहरु तय गरेको छ । आर्थिक विकास, सामाजिक समानता र वातावरणीय तुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ । यसले गरिबी र संकटासन्न अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने लक्ष्य तय गरेको छ। विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



रामलाल डगौरा थारु
नगर प्रमुख

उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ । यसरी नेपालले दिगो र उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६) ।

प्रादेशिक कानून, नीति तथा कार्ययोजना

नेपालको संविधान २०७२ को अधिकार बाडफाँड सम्बन्धी अनुसूचीले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ । प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ ।

प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो । यस अन्तर्गत विपद् व्यवस्थापन शाखाहरु, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन् । सुदूर पश्चिम प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि प्रादेशिक विपद् व्यवस्थापन योजना २०७७ र प्रदेश विपद व्यवस्थापन तथा राहत वितरण निर्देशिका २०७६ (पहिलो संसोधन) जारी गरेको छ ।

स्थानीय अभ्यास

नेपालको संविधान २०७२ को अधिकार बाँडफाँड सम्बन्धी अनुसूचीले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ ।

टीकापुर नगरपालिका क्षेत्रभित्र बाढी, आगलागी, जंगली जनावर आतंक, महामारी सडक दुर्घटना जस्ता विपद्का घटनाहरुका कारण जनधनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा उत्पन्न कानूनी अड्चन पन्छाउँदै टीकापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ जारी गरी कार्यान्वयन गरेको छ । यस ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ । त्यसैगरी वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ । नगरपालिकामा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले परिचालन गर्ने गराउने अख्तियारी प्रदान गरेको छ ।

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण प्रकृया

टीकापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिका कार्ययोजना निर्माणका लागि नगरपालिकाले नै नेतृत्व गरेको थियो । सोही अनुसार नगर विपद् जोखिमको विश्लेषण, जोखिमको स्थानीय परिदृश्य र विपद् व्यवस्थापनमा विद्यमान नीतिगत तथा कानूनी पक्षको पुनरावलोकन गरी नगरपालिकास्तरीय शुरूवाती गोष्ठीको आयोजना मिती २०८० साल जेष्ठ १४ गते सम्पन्न गरिएको थियो । उक्त गोष्ठीमा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, बिषयगत शाखा सुरक्षा निकाय र स्थानीय रूपमा सक्रिय विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहभागीतामा छलफल गरी विपद् जोखिम न्यूनीकरण नीतिमा समेटनुपर्ने विषयहरुको बारेमा छलफल भयो ।तत्पश्चात नगरपालिकाको ९ वटै वडाहरुमा गइ विपद् जोखिमको अवस्था, विपद् जोखिमको ऐतिहासिक विवरण तथा विद्यमान श्रोत साधन र क्षमताको विश्लेषण गरि आवश्यक सुझावहरु संकलन गरियो । वडाबाट प्राप्त सूचनाहरुलाई एकीकृत गरी दस्तावेजीकरण, गरियो । यस आधारमा विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा तयारी भयो ।तयारी मस्यौदा उपर मिती २०८० साल असार १० गते नगरस्तरीय छलफल आयोजना गरि अन्तिम रुप दिईयो ।

## अध्याय तीनः विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय रणनीतिक कार्ययोजना

### ३.१ परिचय

टीकापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण स्थानीय रणनीतिक कार्ययोजना सन् २०२३–२०३० विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुर्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रतिबद्धता सहितको स्थानीय दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्य ढाँचा सन् २०१५–२०३०, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८– २०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूपलाइ स्थानीयकरण गरी समेटेको छ ।

### ३.२ मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछन् ।

१. यस कार्ययोजना बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी टीकापुर नगरपालिकाको हुनेछ । स्थानीय सरकारले आवश्यक परेमा विभिन्न निकायहरुसँग सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

२. स्थानीय सरकारले स्थानीय सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, स्थानीय तहमा रहेर काम गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरू लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, साँस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रवर्धन गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरिनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तिकरण गरिनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेद रहित सहभागिता सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा साँस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रवर्धन गरिनेछ ।

५. स्थानीय सरकारका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरिनेछ ।

६. स्थानीय तह तथा समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरिनेछ ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरि दिगो बिकासको लक्ष्य हासिल गर्न योगदान पुर्याइने छ ।

१०. जोखिम हिस्सेदारिका माध्यम बाट बिपद जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बिमा कार्यक्रमको प्रबदन गरिनेछ । विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरी उत्थानशिलता बढाइने र संघीय सरकारको दिगो विकासको लक्ष्यमा समेत योगदान पुर्याइने छ ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न स्थानीय योजना निर्माण र कार्यान्वयन "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिवृद्धि गरिनेछ ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरिनेछ ।

## ३.३ दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

**दीर्घकालीन सोच**

टीकापुर नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरको रूपमा स्थापित गर्दै स्थानीय विकासमा योगदान पुर्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोच रहेको छ ।

**अपेक्षित परिणाम**

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ

**रणनीतिक कार्ययोजनाको उद्देश्य**

विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्य योजनाको उद्देश्य रहेको छ ।

**लक्ष्य**

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोत साधनहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलता वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु रहेको छ ।

## ३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु

| सि.नं. | सूचक | आधार रेखा २०२३को औसत | अल्पकालीन लक्ष्य २०२५ सम्म | मध्यकालीन लक्ष्य २०२७ सम्म | दिर्घकालीन लक्ष्य २०३० सम्म |
|---|---|---|---|---|---|
| १ | नगरपालिकामा विपद्बाट हुने मानवीय क्षति उल्लेख्य रूपमा घटाउने | | | | |
| १.१ | विपद् बाट मृत्यु हुनेको बार्षिक औसत संख्या | – | १ | १ | १ |
| २ | नगरपालिकामा विपद्बाट प्रभावित हुने व्यक्तिहरुको संख्या उल्लेख्य रूपमा कामम गर्ने | | | | |
| २.१ | विपद्बाट प्रभावित हुने घरधुरीको वार्षिक औसत संख्या | १,००६ | ९०६ | ८०६ | ७०६ |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | ३ | २ | १ | १ |
| २.३ | सडक दुर्घटनाको संख्या उल्लेख्य रूपमा घटाउने | १०० ( पछिल्लो दुई बर्षको | ९० | ८० | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथ्यांकको आधारमा) | | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | ८८२ | ८०० | ७०० | ६५० |
| ३ | नगरपालिकामा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति उल्लेख्य रुपमा कम गर्ने | | | | |
| ३.१ | विपद्बाट नोक्शान हुने औसत आर्थिक क्षति ( ने.रु) कम गर्ने | १०,१५५,८०० | १०% | १५% | ३५% |
| ४ | नगरपालिकामा आधारभूत सेवाहरु र महत्वपूर्ण पूर्वाधारमा विपद्ले पुर्याउने क्षति र अवरोध उल्लेख्य रुपमा कम गर्ने | | | | |
| ४.१ | कक्षाकोठाहरुको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | | २ | ३ | ५ |
| ४.२ | विद्यालय भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | | १ | १ | २ |
| ४.३ | विपद् जोखिम न्यूनीकरणका लागी नमुना विद्यालय तयार गर्ने | | ३ | ६ | ९ |
| ४.४ | सार्वजनिक र सरकारी भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने | | | १ | २ |
| ४.५ | बायोइन्जिनियरीङ्ग प्रविधिद्धारा नदी किनारको संरक्षण | | ३०० मिटर | ३०० मिटर | १ कि मि |
| ४.६ | ताल, सिमसार क्षेत्रतथा पोखरीहरुको संरक्षण | | २ | १ | ३ |
| ४.७ | जलवायुमैत्री गाउँ प्रवर्धन | | | | १ |
| ४.८ | जोखिम हिस्सेदारिका माध्यमबाट विपद् जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्ने अभिप्रायले बिमा कार्यक्रम आवद्द घरधुरी संख्या प्रतिशत | | १० | १५ | ३० |
| ५ | नगरपालिकामा विपद् जोखिम न्यूनीकरणको संस्थागत संरचना तयार गर्ने | | | | |
| ५.१ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यसम्पादनमा सहजीकरण गर्न वडा नं. ६, ७, ८ र ९ को केन्द्रमा खोज उद्दार र अन्य आधारभूत सामग्री सहितको सामुदायिक विपद् व्यवस्थापन सिकाई केन्द्र स्थापना गर्ने | | | १ | |
| ५.२ | नगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भई २४ सै घन्टा सञ्चालन भएको | १ | | १ | |
| ६ | नगरपालिकामा बहुप्रकोप, पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको व्यवस्थापन र | | | | |



रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | उपलब्धतामा उल्लेख्य वृद्धि गर्ने | | | | |
| ६.१ | बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | | २०% | १००% |
| ६.२ | नगर क्षेत्रभित्र विपद् प्रभावित स्थानमा पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | ५०% | ७५% | १००% |
| ६.३ | सामूदायिक खोज तथा उद्धार टोली गठन भएको वडाहरुको संख्या | ६ | ७ | ८ | ९ |
| ६.४ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | | ५०% | १००% |

*नोटः* आधार रेखा २०२३ मा एकिन तत्थ्याक नभएको स्थानमा खालि राखिएको छ। साथै *मानवीय, भौतिक र आर्थिक क्षेतिको हकमा पछिल्लो ५ बर्षको तथ्यांकको औसतलाई आधार रेखा मानेर सूचकमा राखिएको छ श्रोतः* http://drrportal.gov.np/ तथा https://bipadportal.gov.np/damage-and-loss, LEOC Tikapur, LDCRP/DPRP Documents of Tikapur

## ३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्य ढाँचालाई र विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८– २०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२३– २०२५), मध्यकालीन (सन् २०२३– २०२७), दीर्घकालीन (सन् २०२३– २०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १ः विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १ः टीकापुर नगरपालिकाको बहुप्रकोपको अवस्था बमोजिम जोखिमको लेखाजोखा

प्राथमिकता प्राप्त कार्य २ः टीकापुर नगरपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३ः प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ४ः विपद् जोखिम सम्बन्धी अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २ : स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ५ः टीकापुर नगरपालिकामा कानूनी संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ६ः कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता

प्राप्त कार्य ७ः विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ८ः विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३ः विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकता प्राप्त कार्य ९ः उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १०ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११ः विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य १२ः सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण÷ का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा प्रवर्धन

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# अध्याय चार : विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु

## ४.१. प्राथमिकता प्राप्त १ः विपद् जोखिम बारेको बुझाई अभिवृद्धि

समाज र राज्यको विपद् सम्वन्धी बुझाईले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गरिने समग्र क्रियाकलापलाई निर्देशित गर्दछ । प्रकोपको अवस्था र जोखिम सम्बन्धी सही ज्ञानले विपद् व्यवस्थापनका लागि उचित निर्णय लिन र कार्यान्वयन गर्न मार्ग प्रसस्त गर्दछ । प्रकोपको सम्भावना, समुदायको सम्मुखता र उपलब्ध क्षमताले संकटासन्नता र जोखिमको स्तर निर्धारण गर्दछ । टीकापुर नगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेको बिगतका तथ्याङ्कले देखाउँछ । कुन स्थान के कस्ता विपद्को जोखिममा छ, कति समुदाय र जनसंख्या जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्दछन् भन्ने कुरा बहुप्रकोपको लेखाजोखा, जोखिम आँकलन तथा नक्शाङ्कनबाट जानकारी हुने हुँदा बहुप्रकोप जोखिम सम्बन्धी सूचनाहरु, व्यवस्थित तथा अद्यावधिक गरी नीति निर्माण र समुदायलाई सहज उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । विंपद् सम्बन्धी सूचना संकलन, प्रशोधन, व्यवस्थापन तथा त्यसको प्रसारको लागि टीकापुर नगरपालिकाको पर्याप्त क्षमता बिस्तार गर्नु आवश्यक पर्दछ । यी सवालहरुलाई सम्बोधन गरी विपद् जोखिमबारे बुझाई अभिवृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु अन्तर्गत अल्पकालीन (२०२३-२०२५), मध्यकालीन (२०२३-२०२७), दीर्घकालीन (२०२३-२०३०) र निरन्तर गरिरहनुपर्ने क्रियाकलापको लागि निरन्तर अवधि किटान गरी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

### ४.१.१ः टीकापुर नगरपालिकाको बहुप्रकोपको अवस्था बमोजिम जोखिमको लेखाजोखा र अनुगमन

टीकापुर नगरपालिका बहुप्रकोपको जोखिममा रहेको छ ।बाढी, हावाहुरी, जङ्गली जनावर आतंक,आगलागी, शीतलहर र सडक दुर्घटना यहाँका दोहोरिइरहने प्रमुख प्रकोपहरु हुन् । बहुप्रकोप सम्मुखता, समुदायको संकटासन्नता र समुदायमा उपलब्ध क्षमताका आधारमा जोखिमको आँकलन, जोखिम नक्शाङ्कन यस नगरपालिकाले अपनाउनु आवश्यक छ । जोखिम संवेदनशील भू– उपयोग योजना तयार गरी जोखिमको स्तरको आधारमा भू– उपयोग क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्न सकेको खण्डमा दीर्घकालीन रुपमा विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ । नगरपालिकाको विपद् जोखिम लेखाजोखा र आँकलनको लागि देहाय बमोजिम रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | नगरपालिका क्षेत्र भित्र कर्णाली, पथरैया, मोहना नदी तथा अन्य खोलाको जोखिम क्षेत्र निर्धारण र नक्शाङ्कन | कर्णाली नदी लगायत अन्य खोलाहरुको बाढी प्रकोप क्षेत्र र जोखिम नक्शा उपलब्ध भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | जल तथा मौसम विज्ञान विभाग विभाग, जल तथा उर्जा आयोग, प्रदेश मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विकास साझेदार, विज्ञ परामर्शदाता |
| २. | प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रको आँकलन, नक्शाङ्कन र जोखिम क्षेत्र निर्धारण गर्ने | जलवायुजन्य जोखिम नक्शा तयार भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | जल तथा मौसम विज्ञान विभाग, प्रदेश मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विकास साझेदार, विज्ञ परामर्शदाता |
| ३. | नगरका स्थानीय तहमा महत्वपूर्ण पूर्वाधारहरू (आवास, खुल्ला स्थान सिंचाई, उद्योग, कृषि, सडक, | अत्यावश्यक पूर्वाधारहरुको जानकारी खुल्ला श्रोतको रुपमा | अल्पकालीन | टीकापुर नगरपालिका | नगरपालिका तथा विकास साझेदार संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |

| | | | | | |
|---|---|---|---|---|---|
| | बन, सिमसार, जीबिकोपार्जन, बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदिको) नक्शाङ्कन अध्यावधिक गर्ने | उपलब्ध भएको हुनेछ | | | |
| ४. | नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | प्रदेश निति तथा योजना आयोग, विकास साझेदार, विश्वविद्यालयहरु तथा विज्ञ परामर्शदाता |
| ५. | महामारीबाट सुरक्षाको लागि चेतनामूलक तथा सूचनामूलक सामग्रीको विकास, प्रसार तथा सामाजिक परिचालनको काम गर्ने | महामारी रोकथामको जागि सामुदायिक सचेतना बृदि भएको हुनेछ | नियमित | टीकापुर नगरपालिका | वडा कार्यालय, स्थानीय स्वास्थ्य संस्था, नेपाल रेडक्रस तथा विकास साझेदार संस्थाहरु |
| ६. | मुख्य पूर्वाधार संरचना र बिद्यालयहरुमा आगलागी नियन्त्रण सम्बन्धी उपकरण राख्ने | आगलागीको जोखिम घट्नेछ | मध्यकालीन | टीकापुर नगरपालिका | वडा कार्यालय, विषयगत निकाय तथा विकास साझेदार संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| ७. | नगरपालिका क्षेत्र भित्र सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम क्षेत्रमा ट्राफिक सावधानीका संकेत राख्ने | सडक सुरक्षा सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | जिल्ला ट्राफिक तथा इलाका प्रहरी कार्यालय तथा साझेदार संस्थाहरु |
| ८. | सडक सुरक्षा सम्बन्धी सचेतनामुलक क्रियाकलाप संचालन गर्ने | सडक सुरक्षा सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | वडा कार्यालय,ट्राफिक कार्यलय, इलाका प्रहरी कार्यलय, स्थानीय समुदाय |
| ९. | टीकापुर नगरपालिकाको बहुप्रकोपको लेखा जोखा गरी प्राप्त नतीजाको आधारमा प्रकोपको प्रकृति अनुरुपका पूर्वतयारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने | नगरपालिकाको बहुप्रकोप जोखिमको लेखाजोखा प्रतिवेदन सहित जोखिम न्यूनीकरणका काम सुरु भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | जल तथा मौसम विज्ञान विभाग विभाग, जल तथा उर्जा आयोग, खानी तथा भूगर्भ विभाग, भू तथा जलाधार संरक्षण विभाग, प्रदेश मन्त्रालय,विकास साझेदार, विज्ञ परामर्शदाता नेपाल रेडक्रस सोसाइटी |

टीकापुर नगरपालिका नगरपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

### ४.१.२ टीकापुर नगरपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

नेपालमा बहु– मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस सन्धर्भमा बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्ः

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १०. | प्रकोप, सम्मुखता, सङ्कटाउन्मुखता र जोखिम तथ्याङ्क संकलन गर्दा स्थानीय तहमा अन्तर निकाय सुचना आदान प्रदानमा एकरूपता कायम गर्न गर्ने/गराउने | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानीय आपतकालीन कार्य संचालन केन्द्र, वडा कार्यालय, नेपाल रेडक्रस, संचारकर्मी नेपाल प्रहरी तथा विकास साझेदार |

### ४.१.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाई अभिवृद्धि गर्न अध्यापन तथा प्रशिक्षण र अनुभव आदान प्रदानका कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यसका लागि आवश्यक संस्थागत व्यवस्था गर्न देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११. | खुल्ला तथा भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली अवलम्बन गर्ने | विपद् सम्बन्धी सूचना उपलब्ध भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखा, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र र विकास साझेदार |
| १२. | जोखिम सुचना साझेदारीका लागि सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु,विकास साझेदार, नेपाल रेडक्रस सोसाईटी, संचार माध्यम लगायतका सवैसँग स्थानीय स्तरमा सहकार्य गर्ने | जोखिम सुचना साझेदारीमा सहकार्य हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा,समुदायमा आधारित संस्था, स्थानीय संचार माध्याम, नेपाल रेडक्रस तथा विकास साझेदार |
| १३. | जोखिम सूचना साझेदारी गर्न (मोवाइल एप्स, वेभसाइट, एसएमएस, रेडीयो र टेलिभीजन जस्ता प्रविधिको प्रयोग सहित) सञ्चार तथा प्रसार कार्यविधि तयार गर्ने | विपद् जोखिम सूचनाको प्रभावकारी सञ्चार र प्रसार हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, विपद् व्यवस्थापन शाखा, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र, नेपाल रेडक्रस, स्थानीय पत्रकार, तथा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | विपद् पोर्टल स्थानीयकरण गर्ने | स्थानीय तहमा विपद् जोखिमबारे व्यापक प्रचार प्रसार र जानकारी भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विकास साझेदार |
| १५. | महिला, बालबालिका,जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा अन्य संकटाउन्मुख समूह र समुदायसँग जोखिम सूचना साझेदारी तथा आदान प्रदान गर्न अन्तरनिकाय तथा स्थानीय रूपमा सक्रिय चिराकी/बडघरलाई तथा टोल विकास संस्थालाइ सहजीकरण हुनेगरी कार्यविधि तयार गर्ने | संकटासन्न समूह तथा समुदायसँग जोखिम सूचना आदान प्रदान भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | महिला तथा बालबालिका शाखा, अपाङ्ग संजाल, वडा कार्यालय , विभिन्न विकास साझेदार निकाय |

### ४.१.४. विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

स्थानीय स्तरमा विपद् जोखिमबारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १६. | विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको रूपमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी विभिन्न पक्षमा स्थानीय पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापनलाई संस्थागत गर्ने | विपद् व्यवस्थापन सम्बन्धी स्थानीय जनशक्ति विकास भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | शिक्षा शाखा, सामाजिक विकास समिति, बि.व्य स. नेपाल रेडक्रस सोसाईटी र विकास साझेदारहरु |
| १७. | राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय, बिभिन्न अनुसन्धान केन्द्रहरु, सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार निकाय तथा सामाजिक संघ संस्थासँगको सहकार्यमा नगरको बहुप्रकोप तथा जलवायु जोखिमको अध्ययन अनुसन्धान गर्ने | नगरपालिकाको बहुप्रकोप जोखिमको अवस्था अवगत हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विश्वविद्यालयहरु अनुसन्धान केन्द्रहरु तथा विकास साझेदार निकाय |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | जनप्रतिनिधि, स्थानीय विपद् व्यवस्थापन समिति कर्मचारीहरु र स्थानीय रूपमा सक्रिय चिराकी र बडघरहरुको क्षमता अभिवृद्धिका लागि विपद् व्यवस्थापन, पूर्व सूचना प्रणाली, जोखिम हिस्सेदारी, विपद् सूचना व्यवस्थापन सम्बन्धी अभिमुखीकरण र प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाईमा वृद्धि भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी र विकास साझेदार निकाय |
| १९. | उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका सेवा प्रदायकहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद् व्यवस्थापनमा सहभागिता, जिम्मेवारी बोध तथा जवाफदेहिता वृद्धि गर्ने | निजी क्षेत्र विपद् जोखिमबारे जानकार भई आफ्नो भूमिकाबारे जिम्मेवार हुनेछन् | मध्यकालीन | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी, परामर्शदाता, स्थानीय उद्योग बाणिज्य संघ तथा विकास साझेदार निकाय |
| २०. | सुरक्षित भवन निर्माण, प्रवलीकरण र मर्मत सम्भारका बारेमा सूचना शिक्षा तथा सञ्चार सामग्रीको विकास गरी प्रसार गर्ने | सुरक्षित निर्माण सम्बन्धी चेतनाको विकास हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी तथा साझेदार संस्थाहरु |

## ४.२ प्राथमिकता प्राप्त क्षेत्र २: स्थानीय विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण, जोखिमका बारेमा बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासका लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना, सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ । विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् जोखिम न्यूनीकरणका कार्यलाई मुलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्धति समावेशी र जोखिममा रहेका समूहमैत्री पनि हुनुपर्छ । संघीय संविधान बमोजिम संघीय संरचनाको अभ्यास प्रारम्भ भएको छ र सोही बमोजिम विपद् व्यवस्थापनको लागि पनि नयाँ अवधारणा अनुसार संघीय नीति, कानून र रणनीतिक कार्ययोजना तयार भएको अवस्थामा स्थानीय सरकारको तोकिएको काम, कर्तब्य र अधिकार तथा स्थानीय आवश्यकता र संघीय र प्रादेशिक नीति तथा कार्ययोजनाको लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय अनुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छः

### ४.२.१.स्थानीय कानूनी संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

विपद् व्यवस्थापन तीनवटै सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले स्थानीय सरकार ( टीकापुर नगरपालिका) ले पनि आवश्यकता अनुसार कानून तर्जुमा र संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नुपर्ने हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र विपद् व्यवस्थापनको शासकीय पद्धति सुदृढ र प्रभावकारी बनाउनु स्थानीय सरकारको जिम्मेवारी हो यसका लागि देहाय अनुरुपका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २१. | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु | दिर्घकालिन | टीकापुर नगरपालिका | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यसम्पादनमा सहजीकरण गर्न वडा नं. ६, ७, ८ र ९ को केन्द्रमा खोज उद्धार र अन्य आधारभूत सामग्री सहितको सामुदायिक विपद् व्यवस्थापन सिकाई केन्द्र स्थापना गर्ने | प्रभावकारी रुपले सञ्चालन भएका हुनेछन् | | | तथा व्यवस्थापन प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| २२. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नगरपालिकामा तोकिए बमोजिम विषयगत क्षेत्र गठन गर्ने साथै विपद् प्रभावित समुदायमा विपद् व्यवस्थापन समिति र अन्य कार्यदल गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित रुपले सञ्चालन गर्नका लागि नगरपालिकामा स्तरमा विषयगत क्षेत्रको गठन र परिचालन भएको हुनेछ साथै समुदाय स्तरमा विपद् व्यवस्थापन समिति र अन्य कार्यदलहरू गठन भइ परिचालन भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विषयगत शाखा, सुरक्षा निकाय,नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| २३. | सबै विद्यालय र अस्पतालहरुमा विपद् व्यवस्थापन समिति गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | विद्यालय तथा अस्पतालमा विपद् व्यवस्थापन समिति गठन भई कार्य जिम्मेवारी निर्धारण भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा, वि.व्य.स., शिक्षा शाखा, साझेदार संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, इलाका प्रशासन र परामर्शदाता |

## ४.२.२.स्थानीय कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता

बिगतका कानूनी तथा नीतिगत व्यवस्थाहरुको आधारमा सम्पादन गरिएका कार्यहरुको अनुभवहरुलाई समेत अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको बहु आयामिकतालाई सम्बोधन गर्न समसामयिक कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता भएको हुनाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न नगर कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बनाएको छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूको पनि विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २४. | टीकापुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अद्यावधिक गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, बिषयगत शाखा, विकास साझेदारहरु, नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |
| २५. | विपद् जोखिम | टीकापुर नगरपालिकामा | अल्पकालीन | टीकापुर | वन वातावरण तथा वि |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय नीति, रणनीति र कार्ययोजना तयार गर्ने | विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि स्थानीय नीति, रणनीति र कार्ययोजना तयार भएको हुनेछ | | नगरपालिका | व्यवस्थापन समिति, कार्यपालिका विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |
| २६. | नेपाल सरकारले निर्माण गरेको सुरक्षित सडकका लागि डिजाईन निर्देशिका कार्यान्वयन गर्ने | सुरक्षित सडकका लागि डिजाईन निर्देशिका कार्यान्वयन भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | पूर्वाधार विकास शाखा, वडा कार्यालय र निर्माण कम्पनी |
| २७. | यातायात सुरक्षा सम्बन्धी नियमहरुलाई कडाईका साथ लागु गर्ने तथा मुख्य चोकमा सि. सि. टी. भि. जडान गर्ने | सडक प्रयोगकर्ताहरु सचेत र अनुशासित भई सडक दुर्घटना कम भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | वडा कार्यालय, इलाका प्रहरी कार्यालय तथा ट्राफिक प्रहरी कार्यालय |
| २८. | राष्ट्रिय भवन संहितालाइ स्थानियकरण गरी लागू गर्ने | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था लागु भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास शाखा तथा वडा कार्यालय |
| २९. | टीकापुर नगरपालिकाका विकास योजनाहरूमा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विकास योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |
| ३०. | विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई स्थानीय वातावरण संरक्षण ऐनमा समावेश गर्ने | विपद् जोखिम प्रभाव मूल्याङ्कन वातावरण संरक्षण ऐन भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, कानुन शाखा र विकास साझेदारहरु |
| ३१. | प्राकृतिक श्रोत तथा जलाधार व्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश भएको हनेछ | निरन्तर | टीकापुर नगरपालिका | विकास साझेदारहरु,नेपाल रेडक्रस सोसाइटी तथा परामर्शदाता |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२. | स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको कार्यसंचालन कार्यबिधि तयार गरी कार्यान्वयन गर्ने | आपतकालीन कार्यसञ्चालन बिधि तयार भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार |
| ३३. | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि अध्यावधिक गरी कार्यान्वयन गर्ने | आपतकालीन कोष सञ्चालन कार्यविधि अध्यावधिक भइ कार्यान्वयन भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | नगरपालिका विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ३४. | उच्च जोखिममा रहेका बालबालिका, जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिको आपतकालीन अवस्थामा सुरक्षा र संरक्षणको लागि कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | आपतकालीन अवस्थामा संकटासन्न समूहको संरक्षण भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश सामाजिक विकास मन्त्रालय, नगरपालिका महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ३५. | विपद् पश्चातको खोज उद्धार तथा राहत वितरण स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | उद्धार राहत सम्बन्धी मापदण्ड तथा राहत व्यवस्थापन प्रभावकारी भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | नगरपालिका विपद् व्यवस्थापन शाखा, कानून शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ३६. | विपद्को समयमा पशुपंक्षीको उद्धार , हेरचाह र व्यवस्थापन सम्बन्धी निर्देशिका निर्माण र कार्यान्वयन गर्ने | आपतकालीन अवस्थामा पशुपंक्षी उद्धार निर्देशिका निर्माण र कार्यान्वयन भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | नगरपालिका पशु सेवा शाखा, परामर्शदाताहरु तथा विपद् व्यवस्थापन शाखा, कानून शाखा |
| ३७. | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन ( Ecosystem Based Adaptation) अभ्यास र प्रकृतिमा आधारित समाधानका उपायहरु अबलम्बन गरि विपद् जोखिम न्यूनीकरणमा गर्ने | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन मार्फत विपद् जोखिम न्यूनीकरणमा सहयोग भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश सरकार, सामुदायिक वन उपभोक्ता महासंघ फेकोफन, विकास साझेदार संस्था |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



रामलाल डगौरा थारु

## ३. विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउन टीकापुर नगरपालिका स्वयं र यसमा संलग्न सबै निकायहरुको क्षमता बढाउन आवश्यक हुन्छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छः

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३८. | टोल विकास संस्था अन्तर्गत रहेर कार्य गर्ने गरि सामुदायिक विपद् व्यवस्थापन समितिहरुको कार्यविधि निर्माण गर्ने | विपद् जोखिम न्यूनीकरणमा स्थानीय सरोकारवालाहरुको सहभागिता सुनिश्चित हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा,नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ३९. | विपद् जोखिम व्यवस्थापनमा (जलाधार व्यवस्थापन र पूर्वसूचना प्रणालीका लागि) अन्तर स्थानीय तह संयन्त्र तयार गर्ने | अन्तर स्थानीय तहबीच समन्वय भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा,नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |

## ४.२.४ विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूदाय विपद्को बढी जोखिममा हुन्छन् । विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु यस प्रकारका जोखिममा रहेका समूहलाई प्राथमिकतामा राखेर सञ्चालन गर्नुपर्दछ र उनीहरुको अर्थपूर्ण सहभागिता मार्फत समावेशीताको सुनिश्चितता गर्नुपर्दछ । विपद् जोखिम न्युनिकणमा समावेशीकरणको सुनिश्चिताको लागि निम्न अनुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४०. | नगरपालिकाको विपद् जोखिम व्यवस्थापन ऐनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बिषय समाबेश गर्ने | जोखिम व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, महिला तथा बालबालिका शाखा, कानूनविद |
| ४१. | विपद् जोखिम व्यवस्थापनका कार्यक्रममा जोखिममा रहेका नागरिक र समुदायको पहुँच प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि समुदायस्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापनका लागि टीकापुर नगरपालिकामा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, महिला तथा बालबालिका शाखा, कानून शाखा तथा विकास साझेदारहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२. | सीमान्तकृत समूह, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिक जस्ता अति संकटासन्न समुदायका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमको विकास गरी कार्यान्वयन गर्ने | समावेशीकरणका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, महिला तथा बालबालिका शाखा तथा विकास साझेदारहरु |
| ४३. | विपद् व्यवस्थापनका सबै चरणहरुमा समूह, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिक जस्ता अति संकटासन्न समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नका लागि प्राथमिकता निर्धारण गर्ने | विपद् व्यवस्थापनका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, महिला तथा बालबालिका शाखा तथा विकास साझेदारहरु |

## ४.३ प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्धन गर्नुको मूलभूत उद्देश्य उत्थानशीलता वृद्धिका लागि श्रोत परिचालन मार्फत विद्यमान जोखिम न्यूनीकरण गरी सम्भावित क्षतिलाई कम गर्नु हो । सार्वजनिक निजी लगानी सुनिश्चित गरेर जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकीकरण गरी भविष्यमा सृजना हुनसक्ने सम्भावित जोखिमको अन्तरनिहीत कारणहरुको सम्बोधन गरी जनधन तथा विकास पूर्वाधारहरुलाई सुरक्षित गर्न सकिन्छ । यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### ४.३.१ उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा लगानी प्रवद्र्धन र मुलप्रवाहीकरण

सम्भावित तथा विद्यमान विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत उत्थानशीलता वृद्धिका लागि विपद्का अन्तरनिहित कारणहरुलाई सम्बोधन गरी विकास कार्यमा मूलप्रवाहीकरण गर्न आवश्यक हुन्छ । यसका लागि निम्नअनुसारका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४४. | नगरको वार्षिक योजना छनोटमा विपद् जोखिम न्यूनीकरण योजनालाई प्राथमिकता सहित कार्यान्वयन गर्न सामाजिक परिचालनका कार्यक्रम संचालन गर्ने | योजनामा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | समुदाय, वडा कार्यालय, योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा र विपद् व्यवस्थापन शाखा |
| ४५. | नगरपालिकाले पूर्वाधार निर्माणका काम गर्दा नयाँ मात्र नभई सुरक्षित र मजबुत निर्माणको विधि अवलम्बन गर्ने | पूर्वाधार संरचनाहरु विपद् जोखिम न्यूनीकरणका दृष्टिले मजबुत हुनेछन | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन वडा कार्यालय, योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा |

टीकापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४६. | नगरपालिका क्षेत्रभित्र जोखिममा रहेका पूर्वाधारहरु (विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानी तथा सरसफाइका संरचना, सरकारी तथा सावजनिक भवनहरु, ऐतिहासिक सम्पदा र साँस्कृतिक धरोहरहरु) प्रवलीकरणका लागि लगानी बढाउने | जोखिमयुक्त पूर्वाधारहरु सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | प्रदेश सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश योजना आयोग तथा नगरपालिका विषयगत शाखा |
| ४७. | नगर क्षेत्रभित्रका सबै विद्यालयलाई मजबुत संरचनाको रुपमा निर्माण, पुननिर्माण तथा प्रवलीकरण गरी सुरक्षित आपतकालीन आवासीय सेवा समेत दिन सक्ने गरी निर्माण गर्ने | सबै विद्यालय उत्थानशील र सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, प्रदेश शिक्षा निर्देशनालय, वि.व्य.स., शिक्षा शाखा विकास साझेदार |
| ४८. | बृहत् विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरी सबै विद्यालयलाई सुरक्षित विद्यालय बनाउने तथा सबै विद्यालयहरुमा बिद्यालय विपद् व्यवस्थापन योजना निर्माण गर्ने | सबै विद्यालय विपद् जोखिमबाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश शिक्षा निर्दिशनालय विब्यस,समुदाय, शिक्षा मन्त्रालय, शिक्षा शाखा |
| ४९. | आवश्यक ठाउँमा पोखरीहरुको निर्माण तथा संरक्षण गरी जल संरक्षण र बहु उपयोगको अवधारणा अवलम्बन गर्ने | बाढी, खडेरी तथा आगलागीको क्षति कम भएको हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | वडा कार्यलयहरु, पूर्वाधार विकास शाखा तथा विकास साझेदार |
| ५०. | सरकारी कार्यालयहरु, सामुदायिक भवनहरु, विद्यालयहरु, अस्पतालहरु र आश्रय स्थलहरु र सार्वजनिक पूर्वाधारहरु, बालमैत्री, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री बनाउने | संकटासन्न समूहको उत्थानशीलता वृद्धि भएको हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, शिक्षा शाखा तथा विकास साझेदारहरु |

### ४.३.२. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरु तथा विकास निर्माणका ठूला परियोजना र सडक निर्माण जस्ता कार्यमा जोखिम आँकलनका आधारमा निश्चित प्रतिशत बजेट विपद् जोखिम न्यूनीकरणको लागि छुट्याउने अनिवार्य व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणको लागि सार्वजनिक लगानी बढाउन सकिन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५१. | नगरपालिकाको वार्षिक विकास बजेटमा न्युनतम १० प्रतिशत रकम विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने | विपद् जोखिम न्युनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा तथा नगरकार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२. | नगरपालिकाको वार्षिक बजेट पद्धतिमा विपद् जोखिम व्यवस्थापन बजेट कोडको व्यवस्था गर्ने | वार्षिक रुपमा विपद् जोखिम न्यूनीकरणको लागि बजेट सुनिश्चित भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, कानून शाखा तथा नगर कार्यपालिका |

### ४.३.३ विपद् जोखिम न्यूनीकरणको लागि निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि

निजी क्षेत्रले एकातिर आफ्नै व्यवसाय र कर्मचारीहरुको सुरक्षा र व्यवसायिक निरन्तरताको लागि लगानी गर्नुपर्दछ भने अर्कोतर्फ व्यवसायिक उत्तरदायित्वको रुपमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्न र व्यवसायिक रुपमा सरकारसँग साझेदारी र नवप्रवर्तनका लागि लगानी गर्ने वातावरण तयार गर्नुपर्दछ । विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको साझेदारी र लगानी वृद्धिका लागि निम्नानुसार रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५३. | नगरपालिका भित्रका व्यापारिक प्रतिष्ठान तथा उद्योगलाई विपद्को समयका लागि व्यवसाय निरन्तरता योजना तयार गरी कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यवसाय निरन्तरता योजना तयार भइ कार्यान्वयन भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा, निजी क्षेत्र तथा तथा विकास साझेदारहरु |
| ५४. | व्यवसायिक सामाजिक उत्तरदायित्व मार्फत विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ र पुनर्निर्माणका लागि निजी क्षेत्रको लगानी परिचालन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा तथा निजी क्षेत्र |
| ५५. | विपद् जोखिम लगानी तथा जोखिम हिस्सेदारीका लागि सार्वजनिक, निजी संयुक्त लगानी प्रवर्धन गर्ने कार्यक्रम तयार गरी संचालन गर्ने | विपद् जोखिम न्युनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | उद्योग बाणिज्य संघ, विपद् व्यवस्थापन शाखा, निजी क्षेत्र, सहकारी, विकास साझेदार तथा स्थानीय संघ संस्था |

### ४.३.४ सामाजिक सुरक्षा,बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि

विपद् पश्चात् वितरण गरिने राहतलाई सामाजिक सुरक्षा, बीमा, कृषि तथा पशु बीमा, सम्पत्ति बीमा जस्ता जोखिम हिस्सेदारीका उपायहरु मार्फत क्रमशः प्रतिस्थापन गर्न जरुरी छ र सामुदायिक तथा सामाजिक सुरक्षाका क्रियाकलापहरुलाई जोखिम व्यवस्थापनसँग जोडेर सञ्चालन गर्नुपर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५६. | कृषि वाली, पशु चौपाय घर, भवन तथा निजी सम्पत्तिको बीमाको लागि नीतिगत रुपमा सहजीकरण गर्ने गरी कार्यबिधी तयार गर्ने | विपद्ले हुने नोक्शानीको क्षतिपूर्ति सुनिश्चित भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | प्रदेश निती तथा योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, रास्ट्रय बिमा प्राधिकरण, स्थानीय संघ संस्था, विकास साझेधार तथा निजी क्षेत्र |



रामलाल डगौरा थारु
नगर प्रमुख
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५७. | विपद्को जोखिममा रहेका समूह, समुदाय तथा नागरिक जीवन तथा निजी सम्पत्तिको बीमाको कार्यक्रम संचालन गर्ने | जोखिममा रहेका नागरिकको उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश निती तथा योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, रास्ट्रय बिमा प्राधिकरण स्थानीय संघ संस्था, विकास साझेधार तथा निजी क्षेत्र |
| ५८. | कृषि (धान बाली लगायत अन्य) तथा पशु बीमा कार्यक्रमलाई नगर क्षेत्रका सबै बस्तीहरुमा बिस्तार गर्ने र सुचकाँन्कमा आधारित बाढी बिमा कार्यक्रमका माध्यमबाट बिपद जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्ने कार्यक्रम संचालन गर्ने | कृषि क्षेत्रको उत्थानशीलता वृद्धि भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | प्रदेश निती तथा योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, रास्ट्रय बिमा प्राधिकरण स्थानीय संघ संस्था, विकास साझेधार तथा निजी क्षेत्र |
| ५९. | नगरका सार्वजनिक भवनहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरुको विपद् जोखिम बीमाको व्यवस्था गर्ने | सार्वजनिक भवन तथा पूर्वाधारहरुको विपद् बीमा भएको हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | प्रदेश निती तथा योजना आयोग, प्रदेश मन्त्रालय, बीमा कम्पनीहरु, स्थानीय संघ संस्था, विकास साझेधार तथा निजी क्षेत्र |

### ४.४ प्राथमिकता प्राप्त क्षेत्र ४ प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र वलियो निर्माण÷ का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

यस प्राथमिकता प्राप्त क्षेत्रले प्रभावकारी प्रतिकार्यको लागि आवश्यक पूर्वतयारी र जोखिम न्यूनीकरण सहितको पुनर्स्थापना तथा पुननिर्माणलाई समेट्दछ । विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना र पुननिर्माण तथा पुनर्लभिका गतिविधिहरुमा बहुप्रकोप जोखिमलाई ख्याल गरी अझ बलियो र सबैप्रकारको जोखिमबाट सुरक्षित निर्माणका लागि आवश्यक रणनीतिक क्रियाकलापहरुलाई समेटेर निम्नानुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### ४.४.१ प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६०. | आपतकालीन अस्थायी आश्रयस्थलको लागि नगरमा खुल्ला क्षेत्र पहिचान/ अध्यावधिक गरी अस्थायी आश्रयस्थल निर्माण गर्ने | आपतकालीन समयको लागि खुल्ला क्षेत्र पहिचान र आश्रयस्थल निर्माण भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरु |
| ६१. | वाढी प्रभावित स्थानमा उच्च घर, उच्च धारा तथा उच्च अन्न भण्डारण केन्द्रको निर्माण गर्ने साथै निमार्ण भएका सरचनाको | आपतकालीन समयको लागि पुर्वाधार पहिचान र निर्माण भएको हुनेछ र ति स्थानमा उद्धार तथा राहत सामाग्रीको | निरन्तर | टीकापुर नगरपालिका | सँघ तथा प्रदेश मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | उचित मर्मत सम्भार गर्ने | उपलब्धता सुनिश्चित भएको हुनेछ | | | साझेदारहरू |
| ६२. | स्थानीय तहमा भण्डारण गृह स्थापना गरी आपतकालीन उद्धार सामाग्री तथा उपकरणहरू तथा गैरखाद्य राहत सामग्रीहरूको व्यवस्थापन र भण्डारण गर्ने साथै ति भण्डारण गृहहरूमा महिला, सुत्केरी, बालबालिका, जेष्ठ नागरिक , अपाङ्गता भएका तथा बिरामीका विशेष आवश्यकता पूरा हुने गरी औषधि, सरसफाइका सामाग्री पर्याप्त मात्रामा भण्डारण गर्ने | आपतकालीन समयमा संकटान समूहको विशेष आवश्यकता सम्बोधनको सुनिश्चिता भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदारहरू |
| ६३. | प्रत्येक सार्वजनिक, सरकारी र व्यवसायिक भवनमा आपतकालीन निकास मार्ग र आपतकालीन भेला हुने स्थान छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | सार्वजनिक भवनहरुमा विपद् प्रतिकार्यको लागि पूर्वतयारी भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन शाखा विकास साझेदारहरू तथा परामर्शदाता |
| ६४. | नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अधावधिक गर्ने | नगरपालिकाको विपद् पूर्वतयारी योजना अधावधिक भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदारहरू तथा परामर्शदाता |

### ४.४.२ बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

बहुप्रकोप जोखिम आँकलन र पूर्वानुमान पद्धतिको सुदृढीकरण गरी पूर्वसूचना प्रणलीसँग जोडेर यसको बिस्तार गर्न आवश्यक छ । विपद् पूर्वसूचनामा जोखिममा रहेका समुदाय र समूहको पहुँच स्थापित गनुपर्दछ । प्रभावकारी प्रतिकार्यका लागि कार्य सञ्चालन प्रक्रिया र विधि तर्जुमा गर्नुपर्दछ । यसका लागि देहाय अनुसारका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएको छ ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६५. | नगरपालिका भित्र बग्ने प्रमुख जलाधारहरू मोहना र पथरैयामा बाढीको जोखिममा रहेका क्षेत्रमा पूर्वसूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने | मोहना र पथरैयाको तटीय क्षेत्रमा पूर्वसूचना प्रणाली व्यवस्थित भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा परामर्शदाता |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६६. | प्रमुख प्रकोपहरुको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरी प्रकोप पात्रोको आधारमा पूर्वसूचनामूलक सन्देश उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामुलक सन्देशहरु उत्पादन र प्रसारण भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, जल तथा मौसम विज्ञान विभाग, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा परामर्शदाता |
| ६७. | स्थानीय ज्ञान, सीप, अनुभव र परम्परागत असल अभ्यासलाई विपद् पूर्वसूचनाको रुपमा सदुपयोग गर्ने | पूर्वसूचनामा परम्परागत ज्ञान, सीप र अनुभवलाई समेटिएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, तथा विकास साझेदार |
| ६८. | नगर भित्रका सबै सार्वजनिक भवनहरु, शिक्षण संस्थाहरु, अस्पताल, तथा व्यवसायिक भवनहरुमा आगलागीको पूर्वसूचना र नियन्त्रणका उपकरणहरु जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार |
| ६९. | विपद् पूर्वसूचनामा जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति तथा संकटान समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणालीमा सबैको पहुँच सुनिश्चित भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार, सामुदायिक विपद् व्यवस्थापन समिति |

## ४.४.३ समुदायमा आधारित विपद् जोखिम न्युनिकरण प्रवर्धन

विपद्को समयमा प्रारम्भिक प्रतिकार्यकर्ता समुदाय नै हुन्छ । समुदायमा आधारित संस्थाहरुलाई विपद् जोखिमको अवस्था आँकलन तथा स्थानीय जोखिम न्युनीकरण योजना निर्माणमा सहभागी गराई विपद् सम्बन्धी ज्ञान र सूचना संबाहकको रुपमा विकास गर्नुपर्दछ ।सामुदायिक संस्थाहरुको विकास, विस्तार र सञ्जालीकरणले समुदायको क्षमता अभिबृद्धि हुन्छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७०. | समुदायमा आधारित तालिम प्राप्त र इच्छुक स्वयं सेवकहरुको प्रथम खोज तथा उद्धार समूह निर्माण गरी क्षमता विकास गर्ने | समुदायमा तालिम प्राप्त प्रथम खोज तथा उद्धारक उपलब्ध भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ७१. | विपद् जोखिम व्यवस्थापनका कार्यक्रम तथा नीति निर्माणमा महिला, बालबालिका, जेष्ठ नागरिक , अपाङ्गता भएका र संकटासन्न समुदायको पहुँच र प्रतिनिधित्व बढाउने | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हूनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | वडा कार्यालय, सामुदायिक विपद् ब्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |

### ४.४.४.विपद् पूर्वतयारीको लागि संचार समन्वय तथा सूचना सम्प्रेषण प्रणालीको सुदृढीकरण

आम सञ्चार तथा सूचना प्रविधिको विकासलाई विपद् पूर्वसूचना, पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रुपमा प्रयोग गर्ने संयन्त्र र विधिको विकास गरी विभिन्न माध्यमहरु मर्फत विपद् सूचनामा जोखिममा रहेका समुदायको पहुँच बढाउन आवश्यक छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क .स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७२. | आमसञ्चार, स्थानीय र आधुनिक सूचना प्रविधिलाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत र कार्यक्रम तहको साझेदारी विकास गर्ने | विपद् जोखिमको जानकारी र पूर्वसूचनामा प्रविधिको प्रयोग भएको हुनेछ | अल्पकालीन | टीकापुर नगरपालिका | नगरपालिका विपद् व्यवस्थापन शाखा, पत्रकार महासंघ, सञ्चार संस्था, एफ.एम रेडीयोहरु, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय तथा विकास साझेदार |
| ७३. | विपद् पश्चात्को आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर लेखाजोखा प्रणाली विकास गर्ने | विपद्का कारण भएको क्षतिको विवरण तत्काल उपलब्ध भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार |
| ७४. | संकटासन्न समूह तथा अपांगता भएका, दृष्टिविहीन, बहिरा तथा निरक्षरको लागि विशेष प्रकारका सञ्चार तथा प्रसार सामाग्री, विधि र माध्यमको विकास गरी सञ्चालन गर्ने | विपद् सूचनाका समावेशी पहुँच वृद्धि भएको हुनेछ | दिर्घकालीन | टीकापुर नगरपालिका | सामाजिक विकास मन्त्रालय, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र,पत्रकार महासंघ,सञ्चार संस्था तथा नेपाल रेडक्रस सोसाइटी |

### ४.४.५ खोज तथा उद्धार क्षमताको विकास

खोज तथा उद्धार कार्य प्राथमिक रुपमा सुरक्षा निकायको जिम्मेवारी अन्तर्गको विषय भएतापनि सबै स्थानमा विपद्को समयमा तत्काल सुरक्षा निकाय पुग्न सम्भव हुदैन । यसर्थ समुदाय तहमा स्वयमसेवकहरुको प्रथम उद्धारकर्ता टोली तयार गरी क्षमता विकास गर्नुपर्दछ ।त्यसैगरी समुदायतहमा आवश्यक खोज उद्धार सामग्रीको व्यवस्थापन गर्नुपर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क. स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७५. | नगरपालिकामा आवश्यकता अनुसार वडा तथा समूदायमा आधारित खोज र उद्धार कार्यदल गठन गरी प्रथम उद्धारकका रुपमा तलिम दिने | वडा तहमा प्रथम उद्धारकको टोली गठन भएको हुनेछ | निरन्तर | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सामुदायिक विपद् व्यवस्थापन समिति तथा विकास साझेदार |
| ७६. | वडा र सामूदायीक तहमा प्राथमिक उपचार कार्यदल | प्राथमिक उपचारका लागि दक्ष जनशक्ति | मध्यकालीन | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सामुदायिक विपद् |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | गठन गरी स्थानीय स्वास्थ्य संस्थाहरुसँगको समन्वयमा उनीहरुको क्षमता वृद्धिअभिवृद्धि गर्ने | उत्पादन भएको हुनेछ | | | ब्यवस्थापन समिति, स्थानीय स्वास्थ्य संस्था तथा विकास साझेदार |
| ७७. | आगलागी नियन्त्रणका लागि पालिका, वडा र सामुदायिक खोज तथा उद्धार कार्यदलको क्षमता विकासका लागि तालिम दिने | खोज तथा उद्धार टोलीको आगलागी नियन्त्रण सम्बन्धी क्षमता विकास भएको हुनेछ | मध्यकालीन | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सामुदायिक विपद् ब्यवस्थापन समिति तथा विकास साझेदार |
| ७८. | नगरपालिका क्षेत्रका प्रमुख प्रकोप, बाढीको लागि पूर्वानुमानमा आधारित कृत्रिम घटना अभ्यास नियमित रुपमा सञ्चालन गर्ने | पूर्वसूचना, पूर्वानुमान आधारित प्रतिकार्यका लागि पूर्वतयारी व्यवस्थित र प्रभावकारी भएको हुनेछ | निरन्तर | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, सामुदायिक विपद् ब्यवस्थापन समिति तथा विकास साझेदार |
| ७९. | वडा तहमा खाद्य, गैरखाद्य तथा औषधि जस्ता मानवीय सहायता सामाग्रीको भण्डारण तथा पुनःभण्डारणको प्रबन्ध गर्ने | स्थानीय तहमा तत्काल राहत सामाग्री उपलब्ध भएको हुनेछ | निरन्तर | वडा कार्यालय | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय सोसाइटी, सामुदायिक विपद् ब्यवस्थापन समिति,सुरक्षा निकाय र विकास साझेधार |
| ८०. | खोज उद्धार र राहतको क्रममा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा, संरक्षण र फरक आवश्यकताको लागि विशेष व्यवस्था गर्ने | आपतकालीन अवस्थामा जोखिममा रहेका समूहको संरक्षण भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय तथा विकास साझेदार |

### ४.४.६ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा प्रवर्धन

टीकापुर नगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेकोले विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दा बहुप्रकोप जोखिमको ख्याल गर्नुपर्दछ । विपद् पश्चातको पुनर्स्थापना तथा पुनर्निर्माणलाई अझ राम्रो, अझ बलियो र सुरक्षित निर्माणको अवसरको रुपमा लिएर बहुप्रकोप जोखिमबाट सुरक्षित हुनेगरी पुनर्निर्माण सुनिश्चित गर्नका लागि आवश्यक नीतिगत र कार्यक्रमगत प्रबन्ध गर्नुपर्दछ । विपद् पुनःस्थापना र पुनर्निर्माणलाई राम्रो, बलियो र सुरक्षित बनाउन देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.स. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८१. | पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको उपयोग गर्ने | पुनर्निर्माण कार्य मितव्ययी र दिगो भएको हुनेछ | निरन्तर | टीकापुर नगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, मानवीय तथा विकास साझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२. | अझ बलियो र सुरक्षित पुनर्निर्माणको लागि प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, डकर्मी, सिकर्मी र आपूर्तिकर्ताको लागि निर्माण तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गर्ने | स्थानीय निकाय र व्यक्तिको क्षमता अभिवृद्धि भएको हुनेछ | मध्यकालीन | टीकापुर नगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार तथा निर्माण व्यवसायी संघ |
| ८३. | नगरपालिकाको भू– उपयोग नीति तथा योजना तयार गर्दा बहुप्रकोप जोखिमलाई एउटा आधारको रुपमा लिएर जमिनको बर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा बस्ती विकास तथा ठूला संरचना निर्माण र उद्योग खोल्न निषेध गर्ने | उच्च जोखिमयुक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश भूमी व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय तथा नगरकार्यपालिका |
| ८४. | जोखिम संवेदनशील भू– उपयोग योजना तथा बहुप्रकोप जोखिम लेखाजोखाको आधारमा उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका समुदायलाई सुरक्षित स्थान मा स्थानान्तरण गर्ने | उच्च जोखिमयुक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | टीकापुर नगरपालिका | प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश भूमी व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय तथा नगरकार्यपालिका तथा पूर्वाधार विकास शाखा |
| ८५. | विपद् पश्चातको पुनर्निर्माण तथा जोखिमपूर्ण बस्तीहरु स्थानान्तरण गर्दा भौतिक पूर्वाधारहरुको योजनासहित बहुप्रकोपबाट सुरक्षित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध र सुरक्षित बस्ती विकास हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय,नेपाल रेडक्रस सोसाइटी भौतिक पुर्वाधार विकास शाखा |
| ८६. | सुरक्षित भवन निर्माण, प्रवलीकरण र मर्मत सम्भारका बारेमा सूचना शिक्षा तथा सञ्चार सामग्रीको विकास गरी प्रसार गर्ने | सुरक्षित निर्माण सम्बन्धी चेतनाको विकास हुनेछ | दीर्घकालीन | टीकापुर नगरपालिका | नेपाल रेडक्रस सोसाइटी तथा साझेदार संस्थाहरु |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

# अध्याय पाँच : रणनीतिक योजना कार्यान्वयनको लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ

१. नगरपालिकाको औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

२. केन्द्र वा प्रदेशवाट प्राप्त हुने आर्थिक सहयोग

३. प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

४. विभिन्न विकास साझेदारहरु जस्तै द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय ,मानवीय सहायतामा काम गर्ने निकाय, रेडक्रस र अन्य दाता बाट प्राप्त हुने रकम र अन्य सहायतालाई यस कार्ययोजनाको कार्यान्वयनका लागि परिचालन गरिनेछ ।

# अध्याय छ : रणनीतिक कार्य योजनाको कार्यान्वयन

विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार, गैरसरकारी सरोकारवाला, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा निजी क्षेत्रहरुको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरूरी छ । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन् ।

१) यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि टीकापुर नगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

२) विषयगत क्षेत्र तथा शाखाहरूको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

३) यस कार्य योजनाको योजनाबद्ध कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली २०७६ का साथै टीकापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन २०७५ बमोजिम आवश्यक संस्थागत संरचना तयार गरिनेछ

४) यस कार्ययोजना कार्यान्वयनको लागि टीकापुर नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनमा वार्षिक न्युनतम १.५ करोड वजेट व्यवस्था गर्नेछ ।

५) टीकापुर नगरपालिकाको भित्र कार्यक्षेत्र भएका सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजि क्षेत्रको कार्यक्रम तर्जुमा तथा कार्यान्वयनं गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

# अध्याय सात : अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

टीकापुर नगरपालिका स्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत गरिनेछ । नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ अनुसार गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्थानीय स्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । रणनीतिक कार्य योजनाको आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरिनेछ

- स्थानीय सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा

## सन्दर्भ सामग्री


नेपालको संविधान २०७२ : नेपाल सरकार

नेपाल विपद् प्रतिवेदन २०१५ : नेपाल सरकार, गृह मन्त्रालय

नेपाल विपद् प्रतिवेदन २०१७ : नेपाल सरकार, गृह मन्त्रालय

विपद् जोखिम न्युनीकरण नीति २०७५ : नेपाल सरकार, गृह मन्त्रालय

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८– २०३०) : नेपाल सरकार, गृह मन्त्रालय

The Hindukush Himalaya Assessment, Mountains, Climate Change, Sustainability and People: इसिमोड २०१९

www.drrportal.com : विपद् जोखिम न्यूनीकरण पोर्टल नेपाल सरकार, गृह मन्त्रालय

Nepal Multidimensional Poverty Index Analysis Towards Action: राष्ट्रिय योजना आयोग, २०१८

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, जिल्ला विपद् व्यवस्थापन समिति, कैलाली

टीकापुर नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन गर्न बनेको ऐन , २०७५

टीकापुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८

टीकापुर नगरपालिकाको स्थानीय बिपद तथा जनबायु उत्थानशील योजना, २०७६

पन्धौं योजनाको आधार पत्र : नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०७६


टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

# दस्तावेज

# टीकापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (सन् २०२३-२०३०)

## Disaster Risk Reduction Strategic Action Plan of Tikapur Municipality (2023-2030)

तायर गरेको आर्थिक वर्ष : २०८०/०८१

प्रकाशक : टीकापुर नगरपालिका, कैलाली, सुदूरपश्चिम प्रदेश

प्रकाशन मिति : पौष, २०८०

सर्वाधिकार : © टीकारपुर नगरपालिका, कैलाली, सुदूरपश्चिम प्रदेश

अर्थिक तथा प्राविधिक सहयोग : प्राक्टिकल एक्सन र भेरी वातावरणीय विशिष्टता समूहको साझेदारीमा संचालित नेपाल बाढी उत्थानशील परियोजना

Flood Resilience Portal

BEE-GROUP

Practical ACTION